लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय, बाँके

ईमेल: hd@lumbini.gov.np
वेवसाईट: www.hd.lumbini.gov.np
फोन न ०८२-५९०४३५

पत्र संख्या : ०८२/८३
चलानी नं. : ४४१

मिति २०८२।१२।१६

विषय-: सूचना सम्प्रेषण गरिदिने सम्वन्धमा ।

श्री ८ वटै स्थानीय तह
बाँके।

प्रस्तुत विषयमा लुम्बिनी प्रदेश सरकार, प्रदेश स्वास्थ्य संस्था स्थापना,संचालन,नविकरण तथा स्तरोउन्नती नियमावली २०७७(छैटौ संशोधन समेत) को नियम ५ उपनियम (१) सँग सम्वन्धित अनुसूची-२(फ) मा स्वास्थ्य सेवा संन्चालन गर्ने निजी स्वास्थ्य संस्थाले पूरागर्नु पर्ने मापदण्डहरु अन्तर्गत "अस्पतालमा उपचारको लागि आउने विपन्न,असहाय,वेवारिसे विरामीका लागि कूल शैयाको १०(दश प्रतिशत)शैया छुट्याई अनिवार्य रुपमा निशुल्क उपचार उपलब्ध गराउनु पर्नेछ" भन्ने समेतको कानूनी व्यवस्था अनुरुप कार्यान्वयनको अवस्था पूर्ण रुपमा सन्तोषजनक नभएको जनगुनासो यस मन्त्रालयमा प्राप्त भएको व्यहोरा जानकारी गराउदै जनरल अस्पतालको रुपमा प्रदेश सरकारका दर्ता रहेका निजी स्वास्थ्य संस्थाहरुले प्रदानगर्ने निशुल्क उपचार सम्वन्धी जानकारी मूलक सूचनाहरु वडा तथा टोलस्तरमा (आम नागरिक तहमा) सम्प्रेषण गरी नागरिकको स्वास्थ्य सेवा माथि सरल पँहुच स्थापनार्थ तत् तत् जिल्ला स्थित सरकारी निकायहरु(सवै)/स्थानीय तह(स्वास्थ्य शाखा)/टोल स्तर /नागरिक समाज /आम संचार माध्ययम मार्फत सन्देश मूलक सूचना तथा समाचार सम्प्रेषण गर्ने व्यवस्था गर्नुहुन। भनी स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेशबाट लेखि आउको हुदा सो बमोजिम वार्ड र टोल स्तर सम्म जानकारी गराउनु हुन तथा तथा विपन्न तथा असहायको परिचय पत्र समेतको व्यवस्था मिलाई सहयोग गरिदिनुहुन सादर अनुरोध छ।

सुनिता पौडेल
जनस्वास्थ्य प्रशासक
कार्यालय प्रमुख

बोधार्थ

१)श्री स्वास्थ्य मन्त्रालय,राप्ती उपत्यका(देउखुरी)
२)श्री स्वास्थ्य निर्देशनालय,भालुवाङ्,दाङ
३)श्री सेवा प्रदायक अस्पतालहरु [HCRC अस्पताल(नेपालगन्ज-१०)श्री कौशिल्या मेमोरियल अस्पताल(कोहलपुर-९)श्री वेष्ट्रन हस्पिटल(नेपालगन्ज-१०)श्री सन्जिवनी कलेज अफ मेडिकल साईन्स(नेपालगन्ज-१२)श्री आर. एम.हस्पिटल(कोहलपुर-११)श्री कान्ति आरोग्य हस्पिटल(नेपालगन्ज-२)श्री सेन्ट्रल सिटी अस्पताल(नेपालगन्ज-१०)सागर अस्पताल (नेपालगन्ज-१०)कौसल्या अस्पताल(कोहलपुर-११)श्री केयर सिटी हस्पिटल(नेपालगन्ज-१८)]

CS Scanned with CamScanner